नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

## परीक्षा केन्द्र सम्बन्धी सूचना

शिक्षक सेवा आयोगबाट प्रकाशित निम्न माध्यमिक तहको खुला प्रतियोगितात्मक लिखित परीक्षाको लागि दरखास्त फाराम भर्ने उम्मेदवारहरुको परीक्षा केन्द्र देहायका जिल्लामा कायम गर्ने निर्णय गरिएको हुँदा सम्बन्धित उम्मेदवारहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यसै सूचनाको आधारमा सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालयहरुले दरखास्त सङ्कलन केन्द्र र परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्ने निकाय बीच आपसी समन्वय र समझदारी कायम गरी गराई उम्मेदवार संख्या र परीक्षा सञ्चालन निर्देशिका (संशोधनसहित), २०७० बमोजिम परीक्षा सञ्चालन केन्द्र निर्धारण गरी मिति २०७३।४।२३ गतेसम्म छिटो साधनद्वारा आयोगमा आइपुग्ने गरी हार्डकपि र सफ्टकपि पठाई दिनुहुन समेत यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

| क्र.सं. | दरखास्त सङ्कलन केन्द्र | परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्ने निकाय | परीक्षा हुने विषय |
|---|---|---|---|
| १ | क्षेत्रीय शिक्षा निर्देशनालय, धनकुटा | जिल्ला शिक्षा कार्यालय, धनकुटा | नेपाली र अङ्ग्रेजी विषय बाहेक सबै |
| २ | जिल्ला शिक्षा कार्यालय, मोरङ | जिल्ला शिक्षा कार्यालय, मोरङ | नेपाली विषय बाहेक सबै |
| ३ | क्षेत्रीय शिक्षा निर्देशनालय, धनकुटा | जिल्ला शिक्षा कार्यालय, सुनसरी | नेपाली र अङ्ग्रेजी |
| ४ | जिल्ला शिक्षा कार्यालय, मोरङ | | नेपाली |
| ५ | जिल्ला शिक्षा कार्यालय, इलाम | जिल्ला शिक्षा कार्यालय, इलाम | सबै विषयहरु |
| ६ | जिल्ला शिक्षा कार्यालय, उदयपुर | जिल्ला शिक्षा कार्यालय, उदयपुर | सबै विषयहरु |
| ७ | क्षेत्रीय शिक्षा निर्देशनालय, हेटौंडा | जिल्ला शिक्षा कार्यालय, मकवानपुर | नेपाली र अङ्ग्रेजी विषय बाहेक सबै |
| | | जिल्ला शिक्षा कार्यालय, चितवन | नेपाली र अङ्ग्रेजी |
| ८ | जिल्ला शिक्षा कार्यालय, ललितपुर | जिल्ला शिक्षा कार्यालय, ललितपुर | सबै विषयहरु |
| ९ | जिल्ला शिक्षा कार्यालय, सिन्धुली | जिल्ला शिक्षा कार्यालय, सिन्धुली | सबै विषयहरु |
| १० | जिल्ला शिक्षा कार्यालय, काभ्रेपलाञ्चोक | जिल्ला शिक्षा कार्यालय, काभ्रेपलाञ्चोक | सबै विषयहरु |
| ११ | क्षेत्रीय शिक्षा निर्देशनालय, पोखरा | क्षेत्रीय शिक्षा निर्देशनालय, पोखरा | सबै विषयहरु |
| १२ | जिल्ला शिक्षा कार्यालय, तनहुँ | जिल्ला शिक्षा कार्यालय, तनहुँ | सबै विषयहरु |
| १३ | जिल्ला शिक्षा कार्यालय, बाग्लुङ | जिल्ला शिक्षा कार्यालय, बाग्लुङ | सबै विषयहरु |
| १४ | जिल्ला शिक्षा कार्यालय, रुपन्देही | जिल्ला शिक्षा कार्यालय, रुपन्देही | नेपाली र गणित विषय बाहेक सबै |
| | | जिल्ला शिक्षा कार्यालय, नवलपरासी | नेपाली र गणित |
| १५ | क्षेत्रीय शिक्षा निर्देशनालय, सुर्खेत | क्षेत्रीय शिक्षा निर्देशनालय, सुर्खेत | सबै विषयहरु |
| १६ | जिल्ला शिक्षा कार्यालय, जुम्ला | | |
| १७ | जिल्ला शिक्षा कार्यालय, दाङ | जिल्ला शिक्षा कार्यालय, दाङ | सबै विषयहरु |
| १८ | जिल्ला शिक्षा कार्यालय, बाँके | जिल्ला शिक्षा कार्यालय, बाँके | सबै विषयहरु |
| १९ | क्षेत्रीय शिक्षा निर्देशनालय, दिपायल | क्षेत्रीय शिक्षा निर्देशनालय, दिपायल | सबै विषयहरु |
| २० | जिल्ला शिक्षा कार्यालय, डडेल्धुरा | जिल्ला शिक्षा कार्यालय, डडेल्धुरा | सबै विषयहरु |
| २१ | जिल्ला शिक्षा कार्यालय, कैलाली | जिल्ला शिक्षा कार्यालय, कैलाली | नेपाली विषय बाहेक सबै |
| | | जिल्ला शिक्षा कार्यालय, कञ्चनपुर | नेपाली |

पुनश्चः उम्मेदवारहरुले परीक्षा केन्द्र सम्बन्धी जानकारी सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालय वा जिल्ला शिक्षा कार्यालय वा यस आयोगको वेवसाइट www.tsc.gov.np बाट लिन सक्नुहुनेछ । तोकिएको परीक्षा केन्द्र बाहेक अन्य केन्द्रबाट परीक्षामा सहभागी गराइने छैन । तोकिएको केन्द्र बाहेक अन्य केन्द्रबाट परीक्षामा सहभागी हुने उम्मेवारहरुको परीक्षा स्वतः रद्द हुनेछ ।

नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

**परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी निर्देशनहरु**

१. शिक्षक सेवा आयोगको विज्ञापन बमोजिम आगामी भाद्र महिनामा लिइने निम्न माध्यमिक तहको खुला प्रतियोगितात्मक लिखित परीक्षा सञ्चालनको लागि दरखास्त सङ्कलन केन्द्र वा तोकिएका परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्ने निकायहरुले विषयगत दरखास्त संख्या, परीक्षा सञ्चालन हुने केन्द्रको भौतिक अवस्था र जनशक्तिलाई दृष्टिगत गरी क्षेत्रीय/जिल्ला परीक्षा समन्वय समितिबाट परीक्षालाई मर्यादित, व्यवस्थित र गरिमामय बनाउने ।

२. उक्त परीक्षा सञ्चालनार्थ आवश्यक व्यवस्थाका लागि निम्नबमोजिम गर्ने ।

**(क) परीक्षा केन्द्र निर्धारण**

१. विषयगत उम्मेदवारको आधारमा परीक्षा केन्द्र निर्धारण गर्ने ।

२. परीक्षा केन्द्रहरुमा प्रति केन्द्र रोल नं. को क्रमअनुसार बढीमा २०० उम्मेदवार रहने गरी परीक्षा केन्द्र कायम गर्ने ।

३. परीक्षा केन्द्र कायम गर्दा सदरमुकाम स्थित विद्यालयलाई प्राथमिकता दिने र सो ले नभ्याउने अवस्था भएमा सञ्चार, यातायात र सुरक्षाका हिसाबले सहज हुने स्थानमा मात्र गर्ने ।

४. परीक्षा केन्द्र कायम गर्दा विद्यालयको भौतिक सुविधा, कम्पाउण्डवाल, फर्निचर र सुरक्षा निकायको उपस्थितिलाई समेत आधार लिने ।

५. परीक्षा केन्द्र कायम गरी मिति २०७३।४।२३ गतेभित्र अनिवार्य रुपमा छिटो साधनद्वारा आयोगमा पठाउने ।

**(ख) लिखित परीक्षा सञ्चालन र व्यवस्थापन**

१. परीक्षा सञ्चालन निर्देशिका (संशोधनसहित), २०७० बमोजिम केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षकलगायत परीक्षामा खटिने जनशक्तिको व्यवस्थापन,

२. आयोगबाट परीक्षाको लागि पठाइएको गोप्य सामग्रीको व्यवस्थापन वितरण,

३. परीक्षा पश्चात उत्तरपुस्तिकाको व्यवस्थापन र सुरक्षित ढंगले आयोगमा पठाउने व्यवस्था ।